मितिः २०७९/०४/३०

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय अपचलनसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा मिति २०७९/०४/२३ मा दायर गरिएको ।

## १. अभियुक्तको विवरणः

- सलिमपुरा कोईलाबजार घर नं. A25/109, वरानसी भारत भई हाल गंगाराम चाल रुम नं. ३६ शिवडि क्रास रोड बिलाल मस्जिद समोर शिवडी बुम्बई महाराष्ट्र, भारत देश स्थायी ठेगाना भई हाल कारागार कार्यालय भीमफेदीमा संगठित अपराध मुद्दामा थुनामा रहेका, सम्पर्क नं.९८२०८५०५७६ भएको वर्ष ३८ को चाँदबाबु मोहम्मद शरिफ ।
- B-224, North Nazimabad Karachi पाकिस्तान स्थायी ठेगाना भई हाल कारागार कार्यालय काठमाडौं महानगरीय अनाश्रीत सशस्त्र प्रहरी गुल्म जगन्नाथ देवलमा संगठित अपराध मुद्दामा थुनामा रहेका, सम्पर्क नं.00923332155320 भएको वर्ष ५९ को जाबेद अस्लाम खान ।

## २. कसूरको संक्षिप्त विवरणः

जिल्ला वन कार्यालयको पत्र समेतले वादी नेपाल सरकार प्रतिवादी संजीव भारी समेत भएको संगठित अपराध (संरक्षित वन्यजन्तु र पशुपंक्षीहरूको ओसारपसार तथा निकासी पैठारी) मुद्दामा प्रतिवादी चाँदबाबु मोहम्मद शरिफ सहिदको साथबाट बरामद भएको भारतीय २००० दरको ३५ वटा नोट बराबर हुन आउने भारतीय रकम र प्रतिवादी जावेद अस्लाम खानको साथबाट बरामद भई आएको अमेरिकी डलर समेतका विभिन्न देशका मुद्रा बरामद भएको हुँदा सो रकमका हकमा विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ बमोजिम थप अनुसन्धान हुन प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो अ.अ. तथा कारबाही शाखाको मिति २०७४।०९।०४ गतेको पत्रबाट बरामदित विदेशी मुद्रा सहित यस विभागमा पेश गरेको प्रस्तुत विषयमा प्रतिवादीहरू चाँदबाबु मोहम्मद शरिफ सहिद र जाबेद अस्लम खान विरुद्ध उल्लेखित विदेशी विनिमय तर्फ अनुसन्धान गरी **श्री काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता गरियो ।** पुनश्चः संगठित अपराध (संरक्षित वन्यजन्तु र पशुपंक्षीहरूको ओसारपसार तथा निकासी पैठारी) मुद्दामा निज प्रतिवादीहरु उपरको अभियोग दावी पुष्ठी भई हालसम्म निजहरु कारागारमा रहेको अवस्था छ ।

## ३. कायम भएको बिगो र सजायको मागदावीः

प्रतिबादीहरु चाँदबाबु महोम्मद शरिफ सहिद र जाबेद अस्लाम खानले अनुमति नलिई विदेशी विनिमय कारोवार तथा प्रतिवन्धित विदेशी विनिमय पैठारी समेत गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ को उपदफा (१), सोही ऐनको दफा ५ को उपदफा (१) तथा सोही ऐनको दफा १२ ले दिएको अधिकार बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति२०७२।०८।०६

र २०७४।०३।२३ मा प्रकाशित सूचनाको प्रतिकूल समेतको कसूर गरेको पुष्टि हुन आएकोले वारदात मितिको सटही दर बमोजिम कायम हुन आएको निज प्रतिवादी जावेद अस्लाम खानको हकमा बिगो ने.रु ५०,१६,६८७।- (पचास लाख सोह्र हजार छ सय सतासी रुपैया) कायम गरी र प्रतिबादी **चाँदबाबु मोहम्मद शरिफ सहिदको हकमा बिगो तालिका नं २ मा उल्लेख भएमा** बिगो ने.रु १,१२,१०५।- (एक लाख बाह्र एक सय पाँच रुपैया मात्र) बिगो कायम गरी सोही ऐनको दफा १७ को उपदफा (१) बमोजिम सजाय हुन तथा उक्त बिगो जफतको माग दावी लिइएको छ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**